१०. नी खेत मुरि २० र मुरि २० खेतको साटो पाखो तरको साध पूर्व लोहकील सुनखानीको सांध दक्षिण ढालन्या कटुजको बोट बांध्या पहरो खेतमाथि पहराको लोहकील खोलाको प–

११. हरो लोहकील पहरो पहराछेउको लोहकील पहरो पश्चिम चिसापानिखोलो उत्तर खोलो सुनखानीको सांध दोभान् यति सांधभित्रको खेत मुरि दुइ सय पैसठी २६५ र

१२. पैतिस मुरि खेतको साटो पाखो हाली खेत मुरि जम्मा तिन सय ३०० औ पुर्सुगांव घड्यारीको सांध पूर्व लोहकील चौतारो ठाडो बाटो दक्षिण पीपल्का बोटको कान्लाहा पश्चिम

१३. भंज्याङको लोहकील बेउरालीको सांध उत्तर मूलबाटो लोहकील यति सांधभित्रको घरघड्यारी खेत पाखोपखेरो लगापातसमेत कुसबिर्त्ताबितलप् गरी पंचखतसमेत

१४. मोहोर तामापत्र गरिबक्सर्यौ. आपना खातिर्जामासँग हाम्रा सन्तानपर्यंतको सुभचिंतन गरि तम्रा संतानपर्यन्त कुसबिर्त्ताबितलप् जानी भोग्य गर. यो बिर्ता संकल्प हुँदा अघिल्लो संक–

१५. ल्प हुदा पानी हाल्न्या काजि त्रिभुवन् वं स्रा कुसको संकल्प हुदा पानि हाल्न्या काजि दामोदर पांडे वाक्य पह्लर्या दैवज्ञकेसरी पंदित सधियार भानु पाध्या खनाल जगजो–

१६. त् पांडे श्रीहर्ष पंत बिरु बोहोरा वंसवीर राना डुगोल काल्यासमेत जमा तिन्. चारकिल्लाभंदा अर्घ्यालो ब्रांह्मणले नचापनु विनातक्सीर श्रीराजाले नहर्नु. यो बंधेजमा जो र–

१७. हैन सो यस् श्लोकमा भन्याको पातकी होला. स्वदत्तां परदत्तां वा यो हरेत्च वसुन्धराम् ।। षष्टिवर्षसहस्राणि विष्टायां जायते कृमिः ।। ।। इति सम्वत् १८५८ साल अधिकज्ये–

१८. ष्ठवदी २ रोज ६[३] मुकाम् कान्तिपूर राजधानी शुभम् = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = =

(धादिङ पुर्सुका श्रीलीलामोहनराज तिमिल्सिनाको सङग्रहमा रहेको ताम्रपत्र। ताम्रपत्रको शुरुमा श्री ५ गीर्वाणको शाके १७२१ अर्थात् वि. सं. १८५६ को छाप लगाइएको छ।)

---

३. वि. सं. १८५८ अधिकज्येष्ठकृष्ण

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| ज्येष्ठ | १८ | शुक्र | द्वितीया | ५० । २६ |

(पात्रोबाट)

# दमाईको बिहासम्बन्धमा वि. सं. १८६७ मा लेखिएको अप्रकाशित पत्र

– दिनेशराज पन्त

१. स्वस्ती संवत् १८६७ साल
२. स्वस्ति श्रीसाके १७३२ संवत् १८६७ मासे ११ तस
३. दिन लिषितं वंस्या दमाजिले हिम्पा दमाजिकि
४. छोरि माग्योथ्यो. फाल्गुनका २७ जादा ससुरा–
५. लिको प्रनिति तिर्छु उ ब्याहा गर्न आउछु तेस
६. दिन आयालाग्याको प्रनिति केटि मेरो लाग ना–
७. स्ति भनि लेषिदिञा यस बातका साछि मैधिका
८. आमालि पंच शुभम् ———

(धादिङ जिल्ला मैधी उखुबारीका श्रीशिवप्रसाद भट्टको सङग्रहमा रहेको पत्र)

# श्री ५ राजेन्द्रबाट अनूपसिंह भण्डारीलाई जग्गा दिई गरिदिएको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्री :

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ———
२. आगे अनुपसिं भडारिके जिल्लै षरिका अम्बलमध्ये बाउन्न कुत–
३. मा दरियाको षोला षेत बार्‍हबिस्या षेतको जगा पाषो गाउ ब्या–
४. सि औ जैकिष्न छतकुलिले घ्यू ठेक् गरि षायाको जगासमे–
५. त् अघि हुलाकिहरुले ठेक् गरि लैग्याबमोजिमको पाषा–

६. को ठेक् रुपैंया १५ बाउन्न कुतका इजरावारलाइ तिर्नु गरि
७. छापको मोहर गरिबक्स्यौं. आपना षातिज्र्मासग दरि–
८. याको ठेक् सालवसाल तारि छाप जानि चलन गर. इ–
९. ति सम्वत् १८९० साल मिति मार्गसिरसुदी ९ रोज ६ शुभम्

(पछाडिपट्टि)

मार्फत् रामनरसिं

मार्फत् भीमसेन थापा                    मार्फत् रणजोर थापा

(धादिङ जिल्ला खरीका श्रीदीपबहादुर भँडारीको सङ्ग्रहमा रहेको सकल पत्र)

# काबुलबाट नोकरी खोज्न आएका मुसलमानहरूलाई नोकरी नदिने कुरा परेको अप्रकाशित पत्र

– दिनेशराज पन्त

१. सं १९०५ साल वैशाषशुदि ५ रोज १[१] श्रीप्राइम्मिनिष्टरबाट कप्तान महा–
२. रुद्र षत्रीके
३. वैसाषशुदि १ रोज ५ का दिन[२] लेष्याको पत्र आयो. अर्थ मालुम भयो. उप्रांत
४. जाहा श्री ५ सर्कारको नाउ सुनी नोकरिका निमित्त काबेलदेषि आउन्या नौ–
५. लाषां मुसल्मान्समेत् जना ६ लाई जाहा श्री ५ सर्कारमा मुसलमान नो–
६. कर राषन्या रसम छैन भंन्या बढिया पाठसंग समझाई तेतै फिराइदिन्या का–
७. म गर्नु. आउन नदिनु. काजी सरूप कार्किका नाति नरधोज कार्किको घोडि १

---

| | | | | |
|---|---|---|---|---|
| १. | वि. सं. १९०५ वैशाखशुक्ल | | | |
| | गते | वार | तिथि | घडी पला |
| वैशाख | २७ | आदित्य | पञ्चमी | ५२ । ३२ |

(पात्रोबाट)

| | | | | |
|---|---|---|---|---|
| २. | वि. सं. १९०५ वैशाखशुक्ल | | | |
| | गते | वार | तिथि | घडी पला |
| वैशाख | २४ | बृहस्पति | प्रतिपद् | ११ । २१ |

(पात्रोबाट)

८. लि नीजका बिर्ता महुयाका मानिस जना ४ लाई घोडिसमेत् आउन दि–
९. नु. नरोकनु.

(परराष्ट्रमन्त्रालयको १६३ नं. को खाममा यसको मस्यौदा छ। बि. सं. २०३८ मार्ग ९ गते यो पत्र मैले सारेको हुँ।)

# जङ्गबहादुरको मुलुकी ऐन आउनुभन्दा केहीअगाडिको न्यायव्यवस्था झल्काउने एउटा अप्रकाशित कागत

– दिनेशराज पन्त

श्री १

१. पालपाअदालतका क्ष्येलषानामा रहन्या अपराधि पातकिहरुका बेहोरा
२. तपसिल्
३. गुल्मी अर्मिन बस्न्या गौन्या न्यौपान्याको कमारो जैभद्र्याले १९०
४. २ सालका कार्तिक मैन्हाका ३ दिन् जांदा मझेरिमा सुत्याका रात–
५. मा ८ वर्षको छोरा र ६ वर्षकि छोरि काषमा लि सिकुवाका वक्षा–
६. नमा सुत्याकि पवित्री बाहुनिले आपना वक्षानबाट तान्दा नि–
७. ज बाहुबाहुनिका वक्षानमा गै रातभर सगै सुत्यामा र दुद समाया–
८. मा मात्रै कायल छ. करनिमा दुवैले होईन भंछन्. अघिपछि प–
९. नि करनि कैले भयाको छैन भंछन्. ३ वर्ष भयो. बेडिमा परिरहे–
१०. छं. षार्दा षेर्दा कुरो यतिकै मात्रै गर्छन्. ३ वर्षसम्म यकै बोलि
११. छ. कुरो फेर्दैनन्. ई जैभद्र्या कमारो र पवित्रा बाहुनीको यस्ता
१२. गत् हुन्या हो १

कमारालाई काट्नु. बाहुनि-
लाई जातबाहेक, गरिदिनु.

१३. गन्हौ चापकोट्का अम्बलमध्ये कुवाकोट् बस्न्या पुरन् मल्ल–
१४. ले १९०५ सालका जेष्ट मैन्हामा सुब्बा लक्ष्मीपति जैसिमा–
१५. र्फत् षजहनितरफ् रुपैया तहसिल गर्न जांदा बास बस्याका
१६. डेरामा सगै बास बस्न्या षजहनि जिल्लाको चौधरि रामना–
१७. रान् थारुलाई रातमा काटि मारेछ. जोरोका धातुमा चोर
१८. आयो भनि काट्याको हो भनि कायल भै कायलनामा लेषि–
१९. दि बेडिमा पर्याको छ. यस् मानिस मार्न्या पुरन् मल्लाको

२०. क्या गत् हुन्या हो ——— १

२१. अर्घा ढाकावां बस्न्या नारद जैसिले ९७ सालका मंसिर मै–
२२. न्हामा केहि नाता लाग्न्या प्युठाना बेलबास बस्न्या नन्दे जै–
२३. सिकि विवाहिता सधवा नन्दा बाहुनिको करनि गरि भातमा
२४. कसैलाई नबोरि निज नन्दे जैसिलाई जारिखर्च भनि २६
२५. रुपैया तिरि गाउघरैमा रह्याको रहेछ. कायल भै बेडिमा
२६. पन्याको वर्ष बिन भयछ. येस् नारद जैसिको क्या गत् हु–
२७. न्या हो ——— १

मात र सनेहमा नचल्या-
को साहुलाई रुपैंया की
बुझायाको रहेछ मच्या-
छोडीदिनु.

२८. गुल्मी चन्द्रकोट्का अम्बलमध्ये भुर्तुं बस्न्या भुवानन्द पाध्या
२९. पौड्यालले बहुलाहा भै घर नबस्न्या ३ पुस्ताको भतिजा बेउ–
३०. सर्म पाध्या पौड्यालकि बिवाहीता सधवा जानि बाहुनिलाई
३१. १९०२ सालका पौष मैन्हादेखि मौसर पन्याका वेलावेला–
३२. मा करनि गर्दै रही करनिको कुरो दबाई ३ वर्ष ३ मैन्हासम्म
३३. भात्पानिमा भताहा ब्राह्मणहरुलाई बोन्यामा कायल भै
३४. कायलनामा लेषिदि बेडिमा पन्याको छ. येस् भतिज्याबुहा–
३५. री बिराउन्या भुवानन्द पाध्याको क्या गत् हुन्या हो ——— १

बाबु भाई छोराको अंस
पर सारि सर्वस्व गरि
मुडी देसनिकाला गर्नु.

३६. गन्हौ मिर्दीखोला बस्न्या कासिराम पांडे बाहुनले १९०५ साल–
३७. का ज्येठ मैन्हामा सवदर छोन्याबुहारि सधवा मंधरि बाहुनिको
३८. करनि गन्यामा न्यायबाट हारि कायल भै कायलनामा लेषी–
३९. दि बेडिमा पन्याको छ. येस् कासिराम पाडेको र मंधरि बाहु–
४०. निको क्या गत् हुन्या हो ——— १

बाबु भाई छोरा-
को अंस पर सारि
सर्वस्व गरि मुडी
देसनिकाला गर्नु.

४१. गुल्मी चिदि बस्न्या जैकलि कुमालनिले केरुंगा बस्न्या लछिम–
४२. न्या दमाईलाई १९०५ सालका कार्तिकमा र चैतमा करनि दी द–
४३. माईलाई करनि दियाको कुरो दबाई पानिमा मुलुक बोन्यामा
४४. कायल भै कायलनामा लेषिदि चमोटमा पन्याको छ. येस जैकलि
४५. कुमालनीको क्या गत् हुन्या हो. लछीमन्या दमाईले गाऊघर–
४६. का कचहरिमा कायलनामा लेषिदि बाटमा भागेछ ——— १

नाक काटी निकाला
गरिदिनु.

(पछिल्तिर)

१. श्रीकर्णेल खड्गबाहादुर कुवर राणाजीबाट पठायाको हस्ते वरष पल्टन्–
२. का ज्मादार बदलसिं थापा. सं १९०६ साल आषाडशुदि १३ रोज ३

३. का मितिमा[१] सासनाको लालमोहर भै गयो.[२]

(परराष्ट्रमन्त्रालयको १६६ सङ्ख्याको बाकसमा यो पत्र छ। वि. सं. २०३८ मार्ग ९ गते यो पत्र मैले सारेको हुँ।)

# गोरखाको व्यवस्थाको विषयमा वि. सं. १९०६ मा लेखिएको अप्रकाशित पत्र

– दिनेशराज पन्त

१. सं १९०६ साल माघवदि ६ रोज ६[१] श्रीप्राइम्‌मिनिष्टर राणाजीबाट

२. कुम्भेदान इन्द्रसिं अधिकारिके

३. माघवदि १ रोज १ का दिन[२] लेष्याको पत्र एवदि ४ रोज ४ का दिन[३] आईपुग्यो.

---

१. वि. सं. १९०६ आषाढशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आषाढ | २२ | मङ्गल | त्रयोदशी | २२ । ४७ |

(छापिएको भारतीय पात्रोबाट। यस पात्रोको अघिल्ला पछिल्ला पाता च्यातिएका छन्।)

२. माथि मूल पत्रमा चर्चा गरिएको लालमोहर वि. सं. २०४८ मा काठमाडौंबाट दिअतीप्रकाशनद्वारा प्रकाशित त्रिरत्न मानन्धरको नेपालको इतिहासमा जङ्गबहादुरका १२७–१२८ पृष्ठमा छापिएको छ। यही लालमोहरको चर्चा ई. सं. १९८५ (वि. सं. २०४१।४२)मा काठमाडौंबाट बिनी वैद्य र पूर्णदेवी मानन्धरद्वारा प्रकाशित तुलसीराम वैद्य र त्रिरत्न मानन्धरको क्राइम् यान्ड् पनिश्‌मेन्ट् इन् नेपाल् : अ हिस्टरिकल पर्स्‌पेक्टिभ् (ऐतिहासिक परिप्रेक्ष्यमा नेपालमा अपराध र दण्ड)को १७५ पृष्ठमा भएको छ।

१. वि सं. १९०६ माघकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पौष | २३ | शुक्र | षष्ठी | ३ । ५३ |

(छापिएको भारतीय पात्रोबाट)

२. वि. सं. १९०६ माघकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पौष | १८ | आदित्य | प्रतिपद् | २६ । ५६ |

(छापिएको भारतीय पात्रोबाट)

३. वि. सं. १९०६ माघकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पौष | २१ | बुध | चतुर्थी | १० । ३४ |

(छापिएको भारतीय पात्रोबाट)

४. अर्थ मालुम भयो. उप्रांत नालनिसान लि गोर्षा पुगी सवाल बसकत्
५. पढि थरघरलाई सुनाउन्या काम बढिया हो. साग्रुको नापको कागज् पठा–
६. याको आईपुग्यो. बांकि श्रीकालीप्रसादका पांचपट्टिका सिपाहिले
७. षलंग्या बनाउन्या क्वारा लाया भनि जांहा विस्तार गर्‍यो. तसर्थ कंपनि लगा–
८. इ बनाया हुन्या कुरामा षलंगा बनाउनानिमित्तको क्वारा कसका हु–
९. कुमआज्ञाले गर्‍यौ. कंपनिले बनाई होइसकन्या
१०. कुरामा दुनीआलाई क्वारा लगाई दुष दियौ भन्या अरु काम–
११. कुरा गर्दा वंया नौसाप गरि काम गरौला. दुनिआलाई बेहकमा क्वारा
१२. लगाई दुष दियाको ठहर्‍यो भन्या भारी दंड हुन्याछ. सो बुझी
१३. काम गर. शुभम्

(परराष्ट्रमन्त्रालयको १६४ सङ्ख्याको खाममा यसको मस्यौदा छ। वि. सं. २०३८ मार्ग ९ गते यो पत्र मैले सारेको हुँ।)

# खरीकोटको टीकाभेटसम्बन्धी अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्री

१. स्वस्ति श्रीहनुमानढोकाकस्ये षरि–
२. कोटको टिकाभेट मदमुसि आ–
३. लेहस्ते मोरु ———— १
४. दाषिल भयो. इति सम्बत् १९२१ सा–
५. ल मिति कार्तिकवदि २ रोज २[1] सुभम्

(धादिङ जिल्ला खरीका श्रीकीर्तिदत्त पोखरेलको सङ्ग्रहमा रहेको सकल पत्र)

---

१. वि. सं. १९२१ कार्तिककृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| कार्तिक | ३ | सोम | द्वितीया | ५ । ३९ |

(पात्रोबाट)

# जगत्शमशेरले मैधीको आफ्नो खान्गीको जग्गा ठेकमा दिएको कुरा परेका दुइ अप्रकाशित पत्र

– दिनेशराज पन्त

(१ सङ्ख्या)

१. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज दक्षिणतरफका कम्यांडिङ

२. जनरल श्रीजगत्सम्सेरजंङ्ग कुवरराणाकस्य पत्रम् ————

३. आगे ज्मा वासिल बाकि हाम्रा जनरली षानगीमा दरियाको बावं–

४. न कुतमध्ये मैधि चंनपूर १ पोषरिथोक १ ज्मा जगा २ को १९१७ साल मार्ग–

५. वदि १ रोजदेषि[1] १९१८ साल कार्तिकसुदि १५ रोजतक[2] वर्ष १ को ठेक् कबुलि–

६. येत ईजारा गरिलियाको मार्फत ठेक्दार दत्तु गुरु तपसिलबमोजिम्का

७. आम्दानीषर्च वासिल बाकि गरि बाकि दाम्दाम् बुझिलिञौ. कच्चाबाहे–

८. क् फारषति गरिबक्स्यौ ———— ———— ————

९. तपसिल

१०. आम्दानि पट्टाकबुलबमोजिम् ज्मा मोह रुपैया ———— २६४

११. मिजालिक असुल् रसीदके मोह रुपैया ———— २६४

१२. दाषिल हाम्रा तहविल जिम्मा लेफटेन् रघुनाथ जैसि–

१३. बमोजिम् निज लेफटेन्का रसिदके मोरु ———— १३५॥

१४. १९१७ साल

---

१. वि. सं. १९१७ मार्गकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | १६ | बृहस्पति | प्रतिपद् | २७ । २१ |

(पात्रोबाट)

२. वि. सं. १९१८ कार्तिकशुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| मार्ग | ४ | आइत | पूर्णिमा | २९ |

(पात्रोबाट)

१५. मार्गसुदि ४ रोज २ का[३] रसिद १ के —— ६१
१६. १९१८ साल
१७. वैसाषवदि १० रोज ७[४] ऐ १ के —— १।
१८. श्रावणवदि ४ रोज[५] ऐ १ के —— ७१
१९. आश्विणवदि ३० रोज[६] ऐ १ के —— २।
२०. दाषिल भित्र हाम्रा हजुरबमोजिम् हाम्रा रसिद १ के
२१. मोहरु मार्गवदि ३० रोजका[७] —— १२८।।
२२. बाकि —— ×
२३. फारष
२४. इति संम्बत् १९१९ साल मिति आषाढवदि ३० रोज शुभम् = — —

---

३. वि. सं. १९१७ मार्गशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पौष | ४ | आइत | चतुर्थी | २७ । १ |

(पात्रोबाट)

पत्रमा मार्गसुदि ४ रोज २ भनी लेखिए तापनि मार्गशुक्ल चतुर्थीमा आदित्यवार पर्छ, सोमवार पर्दैन ।

४. वि. सं. १९१८ वैशाखकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| वैशाख | २४ | शनि | दशमी | ३४ |

(पात्रोबाट)

५. वि. सं. १९१८ श्रावणकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| श्रावण | १२ | बृहस्पति | चतुर्थी | ६० |

(पात्रोबाट)

६. वि. सं. १९१८ आश्विनकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| आश्विन | २० | शुक्र | औंसी | १७ |

(पात्रोबाट)

७. वि. सं. १९१८ मार्गकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| मार्ग | १९ | सोम | औंसी | ४ |

(पात्रोबाट)

(२ सङ्ख्या)

श्रीः

श्रीराज

१

१. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज पश्रीमतर्फका कम्यांडिङज–
२. नरलश्रीजगत्सम्सेरजङ्गकुवरराणाकस्य पत्रम् ——————
३. आगे हाम्रा जनरलषानगीमा दरियाको बावंन कुतमध्ये मैधी
४. चैन्पुर जगा १ मा साबिकमाथी नयाले मोहरू ७ बढ गर्दा ७ दि–
५. नको मीयाद राषी नयाका नाउमा पुर्जि टासी म्यादभित्रमा पुरा–
६. नियाले सकार गर्दा नयाले म्यादभित्र बढन नसकी म्याद नाघदा
७. पुरानीया रणकेसर गुरुंके नीज जगा १ को लगापातस्मेतको इ–
८. स्तक सम्बत १९२१ साल मार्गवदी १ रोजदेखी[८] १९२२ साल कार्तिक–
९. सुदि १५ रोजतक[९] वर्ष १ को वाजबी सेर्मा साउन्याफागु डंडकुंड म–
१०. न्योअपुताली चाक्चकुइ अमालीले षान्या रकमकलम मारा मे–
११. टि सिवाये – – – अंक कल्यानधन धर्माधीकार पंचषत
१२. रहताबहतावाहेक साबीक मोह रुपैया १२२ हाल थप मोह रुपैं–
१३. धा ७ दुवै जमा वेमोजरै मोह रुपैया यकसै उनंतीस १२९ मा येक–
१४. साला ठेक्कईजाराको पट्टा गरीबक्स्यो. जगामा गै रस्ति चलाई बस्ति
१५. बसाई गाउघरमा अबाद गुलजार गरि रैती राजी राषी असुल तह–
१६. सिल गर्नु. जाई बिजाई बिडुत नगर्नु. बिजाजी बिडुत गरी अं–
१७. न्यायमा दरबन्दी रकमकलम बढाई रैती पिराई दुष दीयो भनी को–
१८. हो रैति कराउन आयो भन्या आफुले गर्‍याको बीजाई आफैले बुझा–
१९. उनुपर्ला. षतमा षतअनुसार अैनबमोजीम डंड जीताउरी गर्नु. क–
२०. बुलीयेत पट्टाबमोजीमका रुपैया तपसीलबमोजीमका कि–
२१. स्ताकिस्तामा बुझाई रसिद लिनु. किस्ताबन्दी रुपैया कीस्ताकि–

---

८. वि. सं. १९२१ मार्गकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | १ | सोम | प्रतिपद् | ३७ । ३९ |

(पात्रोबाट)

९. वि. सं. १९२२ कार्तिकशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| कार्तिक | २० | शुक्र | पूर्णिमा | १७ । ५८ |

(पात्रोबाट)

२२. स्तामा पुऱ्यायानौ भन्या कीस्ताषीलायी सुतस्मेत भर्रला. सा–
२३. ल तमाम भयापछी वासील बाकी बुझाई फारषती लीनु भनी
२४. येकसाला ठेक ईजाराको पट्टा गरीबक्स्यौं आपना षातीरज्मासं–
२५. ग ठेक ईजारा जानी जगाको चलन गर.
२६. किस्ताबन्दि तपसील
२७. मुहुडा किस्ता मोहरु ——— ६०
२८. चुक्ती कीस्ता कार्तिक मैन्हामा मोरु ——— ६९
२९. १२९
३०. इती संम्बत १९२१ साल मीती पौषवदी ३० रोज ४[१०] शुभम्

(यी दुवै पत्रका सकल धादिङ जिल्ला मैधी जगरकोटका श्रीमानबहादुर गुरुङको सङ्ग्रहमा छन्। पत्रको शुरुमा श्री / जगतशम्शेरजङ्ग / कुवर राणाजी कुँदिएको छाप र श्री / गुजेकालि / सरण र श्री / त्रिविकम (?) कुँदिएका छाप पत्रको अन्त्यमा छन्।)

# निगालपानीको ठेक्काबाट जम्मा भएको रकमको बन्दोबस्तको विषयमा लेखिएको अप्रकाशित पत्र

– दिनेशराज पन्त

१. स्वस्ति श्री २ बेन्हिमैजासाहेब चौतरियाजबरजङ्गसाहु–
२. कस्य पत्रम्
३. आगे ठेकदार बहादुर षत्रिछेत्रीके यथोचित्. उप्रान्त
४. निगाल्पानिको ठेक मोरु ४११ मध्ये मोहडाको मोरु
५. १२५ बाहेक किस्ताकिस्ताका रुपैंञामध्ये जगबोटे मु–
६. षिया दत्त गुरुंका फाजिल्मध्ये भर्ना दियाको छ. सो रुपैंञा
७. निज दत्तु गुरुंलाइ बुझाइदे. पछि बुझदा तलाइ मिन्हा होला

---

१०. वि. सं. १९२१ पौषकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पौष | १६ | बुध | औंसी | ४९ । ४६ |

(पात्रोबाट)

८. भनि तनुषाको दस्कत् गरिदियौं. इति सम्वत् १९३२ सा–
९. ल मिति वैसाषवदि ११ रोज १[१] शुभम् ___________

(श्रीमानबहादुर गुरुङको सङग्रहमा रहेको सकल पत्र)

# लोग्नेले गर्भिणी स्वास्नीलाई कुटपीट गरेपछि उठेको मुद्दाको विषयमा लेखिएको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्री

१. लिषितम् मैधी बस्न्या हामी तप्सीलबमोजींका दुनीञाहरू आगे सोही गा–
२. उ बस्न्या दल्या सार्किले ७ मैन्हा गर्भ बोक्याकि स्वास्नीलाइ लाठाले हा(नी कुटपि)–
३. ट गर्दा सो पिरले बेरा भै अंनपानी बंद हुदा निज दल्या सा(र्कीला)–
४. इ अमालबाट पक्रि म्यादभर नेल ठोक्याको थियो. रातमा नेल भाँची ३ दिन–
५. पछि पाल्याको आंषा छलि गयाको थियो. वैशाषशुदी १५ रोज ४
६. का दिन[१] व्यथा लागी भोलीपल्ट २ छोरा जंल्या मन्याको जन्म्या हामी–

---

१. वि. सं. १९३२ वैशाखकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | २० | शनि | दशमी | २ । ७ |
| | | | | ५८ । ४१ |
| वैशाख | २१ | आइत | द्वादशी | ५४ । २१ |

(पात्रोबाट)

शनिवार दशमी परी एकादशी टुटेकोले आदित्यवार द्वादशी भए तापनि एकादशी टुटेको विचार नराखी यस पत्रमा सोको हिसाबले आदित्यवारको दिन एकादशी भनी लेखिएको देखिन्छ ।

१. वि. सं. १९४२ वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | १८ | बुध | पूर्णिमा | १३ । ११ |

(पात्रोबाट)

७. ले देष्या साचो हो. हामीले जान्या ब्यहोरा यतिकै हो. आहा अरु ब्य–
८. होरा घटिबढि पारी लेषीदियाको साचो हो. सो ब्यहोरा निज जुठि सर्की–
९. नीले हामीहरुलाइ देषःया गुहाइ लेषिरहेछ र अमालमाबाट हामीहरु–
१०. लाइ फिकि सोद्धा लेषिदियाको ब्यहोरा साचो हो भनी हाम्रा मनोमान
११. षुसिराजीले ज्मानवंदी मुचुल्का लेषि अमालमा दिञ्यू.
१२. तपसील
१३. ☒ पुनारान् नेवार — १ × मुषे रानी — — — १
१४. ☒ इन्द्रे सार्की — १ × इन्द्रे सार्की माहातारी — १
१५. × बुद्धिबले ऐं — १
१६. ४२ साल ज्यष्टवदी ९ रोज ६[२] शुभं.

(श्रीमानबहादुर गुरुङको सङ्ग्रहमा रहेको पत्र)

# सौतासौताको बीचमा अंशबण्डाको विषयलाई लिएर लेखिएको वि. सं. १९४२ को अप्रकाशित पत्र

– दिनेशराज पन्त

१. लिषितम् मैधी पदेलीथोक बस्न्या जोगमाजा क्षेत्र्यानी आगे ...
२. न्या थापा क्षेत्रीले मलाइ ब्याहा गरी ल्याइ घरजं गरि बस्याको थिञ्यूं ...
३. ही छोरी मात्र हुदा र छोरा नहुदा अर्कि कांछी ब्याहा गरि पमादि भंन्या
४. क्षत्र्यानी ल्याइ रहदा बस्ता निज कांछिपट्टि १ छोरी १ छोरा जयाज्मं
५. भयाको थियो. ४१ सालका ज्यस्ट मैन्हामा हाम्रा षसं षस्नुहुदा ...
६. फुट्केला ससु चिन्तामनी दवाडीसँग षतिउपति जोरी हामीहरु सासु–
७. स्मेत् सँगै बस्याका थिञू. निज चीन्तामनि दवाडिको छोरीपट्टीको
८. छोरा नाति पाल्याका थिञ्यू. निज भानीज छुट्टिदा निज कांछिपट्टी–

---

२. वि. सं. १९४२ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | २७ | शुक्र | नवमी | ४८ । १० |

(पात्रोबाट)

९. का छोराको ब्याहाषर्च मोरु. ६० छोरीको ब्याहाषर्च मोरु १५ पर सारी अं–
१०. स गरि हाम्रा षसंको भाग निज कांछिले बुझि जगाजमी वस्तु हाडाभा–
११. डा लीयाकि छ. म निज सौतासँग मिल् (न) नसकि मेरो अंश गरीदेऊ
१२. भनिदिदा कोही भलाआद्मीहरुले गरीदीयानं. हाम्रा ागमा आय–
१३. का भैसी गोटा ३ हामो २ को सजिम्रा हो. मेरो अंस लाग्छ भं न्या
१४. जान्दा जान्दै निज गाउ बस्न्या काल्या नेवारले भैंसी लैजादा र निज कां–
१५. छिले अरु अंस नदिदा मेरो चीत्त बुझेन. निज काले नेवार वाद आ–
१६. घी भैंसी र अरु अंश मेरा सवोर्दवर दलु थापा क्षेत्रीले धर्म संझि
१७. गरिदीयाको सदर. सो भरी निज कांछिबाट भरायाउन्याछु. निज का–
१८. ले नेवारले भैंसी लीयाको जांन्या जंगबिर थत्री क्षेत्री १ लोषु सी–
१९. षडा १ मलाइ अंस निज कांछिले नदियाको जांन्या निज देवादल था–
२०. पा १ रंगलाल सीँषडा १ तारु बस्ताकोटी १ महजुत् षडा छं.
२१. निज काले नेवारलाइ र निज कांछिलाइ कायल गरुला. कायल गर्न स–
२२. किन भन्या अैनबमोजीं बुझाउला भनी मेरा मनोमा षुसिराजसं–
२३. ग षादिमुचुल्का लेषि अमाल्मा दिञा. ४२ साल फागुनवदी ३ रोज १[१] शुभम्

(श्रीमानबहादुर गुरुङको सङग्रहमा रहेको सकल पत्र)

---

१. बि. सं. १९४२ फाल्गुनकृष्ण (पूर्णास्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| फाल्गुन | ११ | आइत | तृतीया | २८ । ५२ |

(पात्रोबाट)

# वराहक्षेत्रको तीर्थयात्रामा गएका पण्डित धरणीधरले सुबेदार हरिमानसिंहलाई लेखेको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्री : १

श्रीकोकातीर्थवराहजी

१

१. स्वस्ति श्रीसर्वोमायोग्येत्यादिसकलगुणगरीष्टराजभारसामर्थश्रीहरिमान्सिङ सुबेदार्दाइके
२. श्रीपंडित्धरणीधरकस्य वीनप्रतिको शुभाशीर्वाद. उप्रान्त जाहा मेरा शरिरमा आनं–
३. द छ. ताहा तपाजीका शरिरमा आनंद आराम भया मेरो चित्त आनन्द रहला. पौषवदि १२
४. रोज १ मा तपाजीबाट मेहर्मानिसाथ पथायाको पत्र एहि शुदी ४ रो १ मा आइपुग्यो. हे–
५. रि चित्त बहुत षुसी आनंद भयो. पौषशुदी ५ रोज २ मा कौसीकीमा आइपुग्यो — १ — —
६. मा गइ स्नानदर्शन पाजौं. मजीले गरी हुने कुरामा केहि बिघ्नेछैन भनि लेषनुभयाका–
७. लाइ तपाजीबाट यादसंभार गरीबक्स्या संभार हुन्याछ भनि लेषी पठायाको हो. ता–
८. हा ति केटाकेटीहरुलाइ संभार राषनुहुनेछ. पत्रमा काहातक लेषौं. आफ्नु संचबि–
९. संचको हाल् र केटाकेटीको हाल पठाउदै गर्नुभया बढिया हुन्याछ. सब बातमा
१०. आफै प्रवीण हुनुभयाको छ. मिति पौषशुदी ७ रोज ४ शुभम् ——

(धादिङ जिल्ला मैधी उखुबारीका श्रीशिवप्रसाद भट्टको सङ्ग्रहमा रहेको पत्र)

# मैधीको विष्णुदेवीगूठीविषयको अप्रकाशित पत्र

– दिनेशराज पन्त

१. मैधी श्रीबीस्नुबीदेवी गुठीको — ६१।९७।२
२. नित्यैंनैमीत्येका पुजा गनाबापत् अर्चले भन्या षे ८।१६
३. जुगेतारषाला षेता ५ ऐ षेता १ ज्या षेता २२ को धान ७।१७।२
४. कि दर ।१० ले मोरु — १५।७२।२

५. साजबीहान रोजींन्दा नगरा बजाउनेहरुके षानगीको षे ।६३।
६. १० के ——— ——— ३४।२५
७. नगराके षेत ।३२।१० को — १७।२५
८. लत्येवीहौके षेत ।१७।१० लिस्ने षे–
९. ताह छाप षत् १७।१० ज्मा षेत ।३१
१०. के धान ८।१० के दर ।१० ले मोरु १७।
११. अर्चल्ये भंन्या पाषो षेत ।१।१०
१२. के ठेक ——— ——— ——— ।२५
१३. बानाके फालटारी षेत ।९।१० स्यालुटारी ।९।
१४. १० कनाली भंन्य षेत ।१२ स्मेत ज्मा षेत ।३१
१५. के धान ८।१० के दर ।१० ले मोरु ——— ७।
१६. पुजाहारी नगराबाना बजाउनेहरुबाट अ(एको) सला-
१७. मी —— —— —— १२।
१८. नगरा बजाउनेके ——— ४
१९. बाना बजाउनेके ——— ४
२०. पुजाहारीके ——— ——— ——— ४
२१. तेमधे षर्च ——— ६१।५५
२२. साजबीहान रोजिन्दा पुजाके १५।३०
२३. अछेता रोज १ को चावल मुठी २।। के ।१ ले मैन्हा
२४. १ को ३० ले वर्ष १ को ——— ९।
२५. बति बालनाके तेल रोज १ को ।-। ३ ले मैन्हा १ को
२६. ।२२।२ ले वर्ष १ को ——— २।७०
२७. साजबीहान नगराबाना बजाउनेहरुके ——— ३४।२५
२८. नगराके ——— १७।२५
२९. धान ८।१० के दर ।१० ले ——— १७।–
३०. ठेक मोरु ——— ।४५
३१. बानाके धान ८।१० के दर ।१० ले ——— १७
३२. नीज पुजाहारी(ले) नगराबाना बजाउनेहरुबाट आउने सला-
३३. मी चौतरीया अम्बरजं साहालाई बुझाउनुपर्ने ——— १२
३४. बाकी कसरात् ——— ।४२।२
३५. पुजाहारी गोपाल नेवार मैधी ——— १
३६. मैधी श्रीभीमसेनगुठीको ——— ११।४०
३७. नीत्यंनैमीत्ये पुजा गर्नाबावद् सीमले षेता ।१५ को धान ६।७ के
३८. दर ।१० ले ——— १२।७०
३९. साजबीहान रोजीन्दा नगरा बजाउने षागी ——— ५।९५

४०. कोले पुछार षेत ६ को धान १।१० के दर १० ले ३।
४१. धान् नगुवा षेता ५ को धान १।७ के दर ।१० ले २।७०
४२. ढाडे षेता ३ को ठेक — ।२५
४३. नगरा बजाउनेबाट आउने सलामी मोरु ।५०
४४. पुजाहारीबाट अउने सलामी — ।२५
४५. तेमध्ये षर्च — १९।२५
४६. साजबीहान रोजिन्दा पुजाके — ८।१०
४७. अछेताके रोज १ को चावल मुठी ।२ को ।-। ३ ले
४८. मैन्हा १ को ।२२।२ ले वर्ष १ को — २।७०
४९. धुप बती सीधुर नेवेदेस्मेतके रोज १ को ।१२ ले
५०. मैन्हा १ को ।४५ ले वर्ष १ को — ५।४०
५१. भिमेयकार्दसिका दीन जागराम बससी १२ का दिन् पुजा गरीयो
५२. जषुवाउने गुठीके — ४।४५
५३. बोका १ के — १।५०
५४. चीउरा पाठी ।६ के दर ।३ ले — २।
५५. अदुवा — ।४
५६. कालो भतमासके — ।३
५७. बोरी माना २ के — ।८
५८. तेल माना १ के — ।२०
५९. जाररबसीके — ।५०
६०. माछाके — ।४
६१. पुजाहारीबाट सालवसाल आउने सलामीको निर्ज पुजाहा-
६२. रीले सालवसल चादीको मकुट् बनाईदीने गरेको ।२५
६३. नगरा बजाउनेबाट आउने सलामी चौतरीया अम्बरजं सा–
६४. हालाई बुझाउने — ।५०
६५. नगराषानकीको — ५।९५
६६. धान २।१७ के दर ।१० ले — ५।७०
६७. ठेक — ।२५
६८. बाकी श्रात् — ।१५
६९. स्होछाप गर्ने
७०. पुजाहारी
७१. जुजुमान् नेवार — १
७२. धीर्जमान ऐ — १
७३. मेहरमान ऐ — १

(धादिङ जिल्ला मैधीका श्रीराजेन्द्रप्रताप शाहको सङग्रहमा रहेको पत्र)

# मैधीको भैरवगूठीविषयको अप्रकाशित पत्र

– दिनेशराज पन्त

१. मैधी श्रीभैरवगुठीको — ४३।१६
२. नित्यैनैवीन्द्दे पुजा गर्नाबावत्‌हो आधे भंग्ये षेत ।२४ अ-
३. मोनिपानि ।२ स्मेत्‌ जमा षेत ।२६ को — १६।४१
४. आधे भंग्ये षेत ।२४ को धान ८।२ के दर ।१० ले — १६।२०
५. अमोली षेत ।२ को ठेक — ।२१
६. साजबीहान रोजिन्दा नगरा बाना रास बजाउनेके षानगीका १९।२५
७. नगराके — २।२५
८. कुमालटारी षेत ।२४ के धान ६। के
९. दर ।१० ले — १२।
१०. साठीचोर पाषो जगा १ को रु ।२५
११. बानाके आठपुरी भंग्या षेत्‌ ।८ को धान २ के दर ।१० ले — ४।
१२. रासाके धारापानी षेत ।५ को धान १।१० के दर ।१०
१३. ले रु — ३।
१४. पर्वपर्वमा पंचबाजा बजाउनेहरुके कोले भंग्या षेत ।५ को
१५. धान १।१० के दर ।१० ले — ३।
१६. निज पुजाहारी र नगरा बाना रासा बजाउनेहरूबाट आइ
१७. सलामी — ४।५०
१८. पुजाहारीको — १।
१९. नगराके — २।
२०. बानाके — ।५०
२१. रासाके — ।५०
२२. पंचबाजाके — ।५०
२३. तेमध्ये षर्च —— ४२।९५
२४. निज भैरव र सो भैरवका स्या(न)मा रहेका अरु देवताहरू-
२५. लाई स्मेत नितेनैवीन्द्रे पुजा गर्नाके — १६।२०
२६. अछेताके रोज १ को चावल मुठी ४ के ।१।२
२७. ले मैन्हा १ को ।४५ ले वर्ष १ को — ५।४०

धुप बति सीधुर नैवेद्यस्मेटके रोज १ को पं।२
ले मैन्हा १ को।२० ले वर्ष १ को — ७।२०
बती बालनाके तेल रोज १ को।१ ले मैन्हा १
को।३० ले वर्ष १ को — ३।६०

साजबीहान रोजीन्दा नगरा बाना रासा बजाउनेहरू–
के षानगी — १९।२५
नगराके — १२।२५
धान् ६। के दर।१० ले — १२।
पाषाको ठेक — ।२५
बानाके धान २। के दर।१० ले — ४।
रासाके धान १।१० के दर।१० ले — ३।

पर्वपर्वमा पंचबाजा बजाउनेहरुके धान् १।१० के दर
१० ले — ३।
नीज पुजाहारि(ले) नगरा बाना रासा पंचबाजास्मेत ब–
जानेहरुबाट आउने चौतरीया अम्बरजंग साहाला–
ई बुझाउने सलामी — ४।५०

बाकी कथाट —
पुजाहारी भुजबल् आले मैधी — १
इति सम्बत् १९६३ साल फागुन् गते १४ रोज २[1] सभम्

(श्रीराजेन्द्रप्रताप शाहको सङ्ग्रहमा रहेको पत्र)

---

१. वि. सं. १९६३ फाल्गुनशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | १४ | सोम | द्वादशी | ५ | ९ |

(पात्रोबाट)

# त्रिपुरासुन्दरीगूठीविषयको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्री

१. स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादिओजस्वीराजन्यप्रोज्ज्वलनेपालताराअतु–
२. लज्योतिर्मर्यत्रिशक्तिपट्टअतिप्रबलगोरखादक्षिणबाहूपृथुलाधीशनेपालप्रता–
३. पवर्धकश्रीश्रीश्रीमहाराजपद्मशमशेरजङ्गबहादुरराणा जी. सी. यस. आई.
४. पी. ई. के. सी. आई. ई. यस. टी. आर. के. सि. सि. यस. यम थवुङ्ग ल्हासु पावटिङ्ग सु–
५. न च्याङ्ग सैनिकदीर्घसेवापट्ट अनेररी लेपटेन्यान्ट जनरल बृटिश आर्मी ...
६. कर्णेल अफ अल दि गोरखा राइफल रेजिमेण्टस् अफ् दी ईण्डियान आर्मी ...
७. यान श्याङ्ग चियाङ्ग प्राइममिनिष्टर याण्ड सुप्रिम कम्याण्डरईनचीफकस्य ...
८. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मजश्रीसुप्रदीप्तमान्यवर ...( ता )
९. रासुविख्यातत्रिशक्तिपट्टसुप्रसिद्धप्रबलगोरखादक्षिणबाहु कम्या–
१०. ण्डरईनचीफजनरलमोहनशमशेरजङ्गबहादुरराणा जी. सी. आई. ई.
११. जी. बी. ई. ल्हा सुयुन ल्डे शुनच्याङ्ग सैनिकदीर्घसेवापट्ट आनरेरी
१२. कर्णेल बृटिश आर्मिकस्य पत्रम्

---

१३. आगे पश्चीं १ नं. धार्दी षरी गैन्हीगाऊ बस्ने पुजाहारी थ.रुद्रवीर राना मगरके येथो–
१४. चीत ऊप्रान्त पश्ची १ नं. धार्दी षरी मौजाकोट्थोकको श्रीत्रीपुरासुंदरीमाई–
१५. गुठीको लगत षडा गर्ने नीकासाबारे श्री ५ सर्कार गुठी लगतले जाहेर गरेको रि–
१६. पोट्मा बुझ्दा पुजाहारी थ रुद्रबीर राना मगरले दीएको २००२।८।१९ को लग–
१७. त मुचुल्कामा ज्मा षेत ।५६ को धान १८। पाषाको रु १। को आयेस्ताबाट नीत्येपु–
१८. जालाई र बडादसैं चैतेदसैं पर्व पुजालाई राता बोकाखर्चस्मेत ज्मा रु ४७।८१ १ (ले)–
१९. षीएको र १८६०।१९०३।१९१२ सालका दस्खत नकल र २५ सालको मोठबाट स्मेत (षे)–
२०. त ।२० प्रोहीत्याई र षेत ।२० कटुवाले षांगो थामीदीएको बाकी षेत १६ देवीको
२१. पुजाके भनी लेषीएको देषीएको जील्लामार्फत भै आएका सर्जीमीन मुचु–
२२. ल्काबाट पनी षेत मुरी ।२० को धां ६। प्रोहीत् भानुभक्त पाध्या पोषन्यालले
२३. र छाग्या षेत ।२० को धान ६। कटुवाल लाटा सार्कीले पाएको षेत १६ को धा–
२४. न ६। त्रीपुरासुंन्दरीमाईको नीत्येपुजाके भन्यां लेषीएबमोजीं गरीआएको भं–
२५. ने र बडादसैं चैतेदसैं चौध थरीहरूले चलाई आएको पाषो जगामा सेर्मा
२६. १। को बोका १ तीरी तीरी आएको र फुलबारी जगाको हकमा माईस्थान्मा लीप–
२७. इस दुना टपरी गासने भै टहल गरी षाई आएको जगा हो तीरो लाग्ने भए आठा (स)

२८. ह ।४ तीरो लाग्छ. सो तीरो लाग्ने भएमा माईस्थानमा लीपदस टहलसुसार (ग)–
२९. र्नु नपरोस भंनेस्मेत मुचुल्का भएको र पुजाषर्चको हकमा चैतेदसैं बडा–
३०. दसैं पर्व पुजा यस गुठीबाट गर्नुपर्ने भै गाऊका थरीहरुबाट चलाई आएको
३१. देषीनाले नित्येपुजालाईसम्म दरबंदी गर्नुपर्ने र पाषाको मोरु १। को बोका १ बुझा–
३२. ई आएको छ तापनी मोरु १। नं कायं गर्ने फुलबारीको तीरो कायें गर्दा माई(को)
३३. टहलचाकरीषां नगर्ने हुदा फुलबारी नं कायं गरी फलफुल रोपी देवतालाई च–
३४. ढाऊनेस्मेत गरी फुलबारी नं कायं गरी तपसीलबमोजीं आम्दानीषर्चको दर–
३५. बंदी गर्ने भंनेस्मेत यसै रीपोट्को जीकीर भएको देषीनाले जाहेर गरेका छौं.
३६. नीकासाका हकमा रीपोटका तपसीलबमोजीं ज्मा षेत ।५६ छपन्न मुरीको धा–
३७. न १८। अठाह्र मुरी नगदी मोरु १। येकमा खर्च प्रोहीत्याई षांगी कटुवाले
३८. षांगी नीत्येपुजास्मेतके धान १३।११।७ तेह्र मुरी ऊन्नाईस पाथी एक माना कटाई बा–
३९. की धान ४।०।७ के दर ।९ लि ८।९८।२ नगदी १। स्मेत ज्मा मोरु ९।९८।२ नौ रुपैया
४०. अठानबे पैसा दुइ दाममा षर्च मोरु ८।२१।१ आठ रुपैया एकाईस पैसा एक दा–
४१. म कटाई बाकी कसर मोरु १।७७।१ एक रुपैया सतहत्तर पैसा एक दाम कायें गरी
४२. लगतकीताप षडा गर्ने र गुठीका हकमा माथी लेषीएका दरबंदीबमोजीं आम्दानीष–
४३. र्च गरी दरबंदीबमोजीं कां चलाई सेस बाकी २००३ साल्देषी मालमा बुझाउनु भं–
४४. ने पुजाहारीका नाऊँमा सनद गरीदी सो कसर असुल गरी दरबंदीबमोजीं षर्च ग–
४५. री कां चलाएनचलाएको जाच गर्नु भंने माललाई अडैको पुर्जी गरी दीने
४६. भंनेस्मेत रीपोट जीकीर मनासीबै ठहराञ्यूँ जो मर्जी हुकुम भनी नेपालपाहा–
४७. डरीपोटनीकसारीफाटले तोक बोली जाहेर गरेको तोक २००३ साल फागुण ९ गते
४८. रोज ५ मा[१] श्री ३ माहाराजको ठुलो छाप र श्रीकम्यांडरइनचीफको बाहुलीनीसा–
४९. नाबाट सदर भै आयेमुताबीक सो गुठीको तपसील्का दरबंदीबमोजीम् आम्–
५०. दानीषर्च गरी गुठीकाम चलाई सेस बाकी कसर मोहरु १।७७।१ येक रुपीञा सत–
५१. हतर पैसा येक दाम २००३ सालदेषी धादींमालमा सालवसाल बुजाऊनु भंने नीज
५२. पु. थ. रुद्रवीर राना मगरका नाऊमा गुठीछुटको सनद गरीबक्सनुपर्ने ठहरा–
५३. ञ्यु. जो मर्जी हुकुं भनी श्री ५ सर्कारका र गुठीलगतजाचअड्डाका हाकींकारीन्दा–
५४. ले हाम्रा हजुरमा बीन्ती पारदा जाहेर भयो. तसर्थ सो ठहरायेकोमा हामीबा–
५५. ट पनी सदर गरीबक्सेको छ. सोबमोजीम गरने काम गर ——————
५६. तपसील
५७. असामी ——— षेत धां छ्यू चारदां

---

१. वि. सं. २००३ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| फाल्गुन | ९ | बृहस्पति | अमावास्या | ६० । ० |

(पात्रोबाट)

५८. कोटको प्रोहीत्याही मै बडादसै नोरथम–
५९. र चंडीपाठ् वेदपाठ गरी प्रोहीत भानुभक्त
६०. पाध्या पोषऱ्यालले षाई आयेको भनी
६१. लेषीयेको ——
६२. अलैचे मामुली ।३० मध्बे कंपुको ।१० बाकी जगंना–
६३. थ पोषरेल कोटथोक हाल मोही भानुभक्त पाध्या–
६४. मार्फतका टेकबाहादुर भंडारी छेत्री — ।२० — ६। — —
६५. अरु अड्डाबाट आयाको उर्दीपुर्जी र सो
६६. त्रीपुरासुंदरमाईका स्थानमा परी आया–
६७. को पर्वपर्वको कामकाज गरी कटुवाल
६८. लाटा सार्कीले षाई आयेको भनी लेषोये–
६९. को — — —
७०. छाग्येबल्या दमाई डाडाथोक हालमोही भक्तवीर ची–
७१. तौरे रानामगर — ।२०–६। — —
७२. त्रीपुरासुंदरीको नीत्येपुजाको
७३. गंगादेवी ल्होठो सनमां अधीकारी छापथोक हालमोही
७४. तेजर्मा श्रेष्ट — ।८–२। — —
७५. रातमाटे ३ ठाऊ गरी गुरं तीमीलसीना हटीयाथोक
७६. हाल मोही हरी भट्टको छोरा जेठो भट्ट — ।७–३।१० – –
७७. फाल्लीछाप जोनारां नेवार हटीयाथोकको हालमो–
७८ ही हरीनारां श्रेष्ट हटीयाथोक — ।१–।१०–
७९. पाषो जग्गा
८०. पूर्व वंलंगल पछीं वंजंगल् वर्षा वंजंगल ऊत्त–
८१. र देवीथां पहरो येती ४ कील्लाभीत्रको मर्क मा–
८२. ना ४ ब्यू जाने देवीथां पाषो जग्गा कीट्टा १ को सेर्मा
८३. हीरे कुमालस्मेत २ मोहीबाट आऊने — — १ —
८४. ।५६।१८।१।×
८५. तेमध्ये जोन्सी षर्च — १३।१९।१
८६. नीत्येपुजाके अछेताचावल ।·।·।१ ले वर्ष १ को ३६५ दींके चावल ।४
८७. ।४।५ के दोबरले घ्यां — ।९।१
८८. नीत्येपुजाके पुजाहारीके षांगी वर्ष १ को धां — १।१०
८९. प्रोहीत्याईके षांगी ऐ धां — ६।
९०. बाकी जोन्सी नगदी
९१. धान —— ४।·।७
९२. नगदी —— १।

९३ सो बाँकी जीन्सीको मालको दरभाउले दरदाम गरी नगदी र नगदी नै ज-
९४. मा मोरु — ९।९८।२
९५. धाँ मुरी ४।-।७ के दर मोरु ।९ ले रु — ८।९८।२
९६. नगदी रु — १।

९७. तेमध्ये नगदी षर्च ज्मा मोरु — ८।२१
९८. नीत्यपुजाके साजबेहान वर्ष १ को ३६५ दींके — ८।२११।१
९९. सींधुर चंदन रोज १ को ।-।१ ले — ।९।१।१
१००. धुप र बत्तीके धागो घ्यूस्मेत १ को ।१ ले — ३।६५
१०१. नैवेदे रोटी फलफुलस्मेतके रोज १। को ।१ ले — ३।६५
१०२. फुल्के बर्घैचा फुलबारीबाटै आऊनी हुँदा — ☒
१०३. बाकी कसर मोरु — १।७७।१
१०४. पुर्व त्रीपुरासुंदरीदेवीको थान पर्छी कृतिमान रानाको बारीको साद दर्वी
१०५. मुलबाटो ऊत्तर पीपलको बोट येती ४ कील्लाभीत्र मकैको ब्यू. ।-।-।५ मा -
१०६. त्र जाने फुलबारी पाषा जगा कीट्टा १ के मीनकबाहादुर राना मगर — १
१०७. लमाई हात १३ गज हात ९ भयाको तला नभयाको बाहीरपट्टी बारदा -
१०८. ली भयाको ढूँगाको गाह्रो षरको छानु भयाको षरीकोटचोकमा
१०९. बनको त्रीपुरासुंदरीमाईको मंदीर — १
११०. इती संवत २००३ साल चैत्र गते रोज सुभम् —

(छेउमा)

२००४।२।३१।६[२] मा सदर

(धादिङ जिल्ला खरी गंरीगाउँका श्रीतेजबहादुर राना मगरको सङ्ग्रहमा रहेको सकल पत्र। पत्रको शुरूमा र अन्त्यमा छाप लगाइएका छन्।)

(वि. सं. २०३७ मा धादिङ जाँदा धादिङ जिल्लाका विभिन्न ठाउँबाट यो पत्र मैले सङ्ग्रह गरेको हुँ। त्यस वेला मसँग धादिङ घुमी पत्र सार्न मदत गर्ने श्रीमाधवभक्त श्रेष्ठलाई धन्यवाद छ।)

---

२. वि. सं. २००४ आषाढकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | ३१ | शुक्र | नवमी | १७ । | १० |

(पात्रोबाट)]

# अशोकको खामोलाई फलामको र दण्डीको काव्यादर्शलाई नाटक भनेर लेख्ने कमलप्रकाश मल्लबाट के लिच्छविकालमा चलेका संवत्‌को निर्णय हुन सक्ला त ?

– दिनेशराज पन्त

भगवानलाल इन्द्रजीले वि. सं. १९३७ मा नेपालका २३ वटा अभिलेख प्रकाश नगरुन्जेल नेपालको इतिहास भन्नु नै वंशावली थियो । यसको स्पष्ट प्रमाणको रूपमा वि. सं. १९३३ मा डानियल राइटद्वारा हिस्टरि अफ् नेपाल् [नेपालको इतिहास] भन्ने नाउँ राखी छपाइएको, नेपाली भाषामा लेखिएको वंशावलीको अङ्ग्रेजी उल्थालाई देखाउन सकिन्छ । ती २३ वटा अभिलेखमध्ये १५ वटा अभिलेख लिच्छविकालका थिए । ती अभिलेखमा दुइ थरी संवत् देखिएकाले यी विक्रमसंवत् र हर्षसंवत् हुन् भनी भगवानलालले आफ्नो निर्णय प्रकाश गरे । कुण्ड-कुण्ड पानी मुण्डमुण्ड बुद्धि भने जस्तै यसमा विभिन्न विद्वान्‌का विभिन्न मत निस्कँदै गए । सुमतितन्त्रनामक ज्यौतिष ग्रन्थ पाइएपछि अभिलेखमा देखिएका दुइ थरी संवत्मध्ये पहिलो संवत् वि. सं. १३५ देखि चलेको शक-संवत् र दोस्रो संवत् वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् रहेछ भन्ने थाहा भयो । हेमराज पण्डित र बाबुराम आचार्यद्वारा सुमतितन्त्रको आधारमा प्रकाशमा ल्याइएको यो मत पछि क्रमशः स्वदेशी तथा विदेशी विद्वान्‌हरूबाट स्वीकृत मतको रूपमा प्रतिष्ठापित हुँदै गयो । लूच्यानो पेतेकले यसमा थप प्रमाण जुटाएपछि यसले अझ बढी पुष्टि पायो ।

वि. सं. २०३० मा प्रकाशित धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखमा वारसमेत परेको अभि-लेख छापिएकोले लिच्छविकालमा चलेका संवत्‌को निर्णय प्रामाणिक ढङ्गले गर्न सकिने आशा उदायो । यसै प्रसङ्गमा पहिलो संवत्‌लाई वि. सं. ११३ देखि र दोस्रो संवत्‌लाई वि. सं. ६०९ देखि चलेको मानी शङ्करमान राजवंशीले लिच्छविसंवत्‌को निष्कर्ष भन्ने पुस्तक वि. सं. २०३० मा निकाल्नुभयो । उहाँको त्यस पुस्तकमा रहेका दोष सबभन्दा पहिले भुवनलाल प्रधानले देखाइदिनुभयो । पछि लिच्छविसंवत्‌को निष्कर्षमा रहेका दोषको विषयमा पूर्णिमाका विभिन्न अङ्कमा लेख निस्किए । शङ्करमानजी आफ्नो भूल छोप्न अरू भूल गर्दै जानुभयो र त्यसबाट उहाँका लेख झन् झन् अल्झिँदै जान थाले । तर यसबाट ठूलो फाइदा भयो । त्यो के हो भने लिच्छवि-कालमा चलेको दोस्रो संवत् वि. सं. ६३३ देखि नै उठेको हो भन्ने कुराको निर्णय गणित र इतिहास दुवैको आधारमा शङ्करमानजीको लेखको खण्डन गर्ने प्रसङ्गमा संशोधन-मण्डलबाट हुन गयो । यस विषयमा वि. सं. २०३८ मा मेरो लिच्छविकालमा चलेका संवत् भन्ने र वि. सं. २०४३ मा नयराज पन्तको लिच्छविसंवत्‌को निर्णय भन्ने पुस्तक निस्किए ।

पढ्ने गुन्ने काम खास नगरी मान्छे जम्मा गरी होहल्ला गरेको भरमा विद्वान् कहलाइरहेका मानिसहरूलाई संशोधन-मण्डलको कामबाट थोरै मात्रामा भए पनि मर्का परिरहेको थियो । शङ्करमानजी धेरै वर्षसम्म संशोधन–

मण्डलमा रहनुभएको र संशोधन–मण्डलबाट शङ्करमानजीको खण्डन हुँदा र दुवै पक्षमा मनाभन हुँदा त्यस्ता मानिसहरू प्रसन्न हुन थाले र शङ्करमानजीलाई संशोधन-मण्डलको विरोधमा फन् फन् उचाल्न थाले।

अन्यत्र जयमन्विच्छेत् पुत्रादिच्छेत् पराजयम् भन्ने नीतिवाक्यको अनुसरण गरेर हो कि किन हो, शङ्करमानजीले आफूले २२ वर्षसम्म मानेको संवत्सम्बन्धी सिद्धान्त चटक्कै छोडी पहिलो संवत् शकसंवत् चल्नुभन्दा १ वर्ष ५ महीनाअघिदेखि चलेको लिच्छविसंवत् र दोस्रो संवत् शक ५०० लाई नष्ट गरेको संवत् हो र लिच्छविकालमा दुइटा संवत् चलेका थिएनन्, एउटै संवत् चलेको थियो भन्ने मानी श्यामसुन्दर राजवंशीले तयार गरेको, वि. सं. २०५२ मा निस्केको लिच्छविकालीन सम्वतको निश्चयलाई आशीर्वाद दिन पुग्नुभयो।

कमलप्रकाश मल्लका लेखको संशोधन–मण्डलबाट धुरन्धार खण्डन भइरहेकाले उहाँलाई पनि संशोधन–मण्डलको कामबाट केही मात्रामा भए पनि मर्का पर्न गएको छ। यसैले संशोधन–मण्डललाई गिराउन पाए उहाँ अत्यन्त प्रसन्न हुनुहुन्छ भन्ने कुरा उहाँका लेख पढेकाहरूलाई थाहा भएकै कुरा हो। यसैको पछिल्लो कडीको रूपमा वि. सं. २०५३ चैत्र ३० गतेको गोरखापत्रको शनिवारीय परिशिष्टाङ्कको ख पृष्ठमा 'अहिले तपाईं के पढ्दै हुनुहुन्छ' स्तम्भअन्तर्गत छापिएका तलका कुरालाई देखाउन सकिन्छ–

डा. कमलप्रकाश मल्ल (मानवशास्त्री, बुद्धिजीवी)

म खास एउटै पढ्दिन। मेरो रुचिको विषय विविध र अन्तरविषयक छ। यद्यपि विश्वविद्यालयमा वर्षौंदेखि अंग्रेजी पढाइरहेको छु। तर मेरो रुचि इतिहास, संस्कृति, पुरातत्वमा छ। अहिले म नेपालको इतिहासबारे ग्रन्थहरू पढ्दै छु। म प्राचीन नेपालको कालक्रम समस्या समाधानका लागि सिल्भाम लेभी। नामक फ्रेन्च लेखकले सन् १९०५ मा लेखेका ले नेपाल पुस्तक (फ्रेन्चमा) पढ्दैछु। यो निकै पुरानो किताब हो तापनि सान्दर्भिक र आधिकारिक छ। साथै प्राचीन नेपालको कालक्रम समस्या निवारणका लागि प्राचीन अभिलेखहरू पनि पढिरहेको छु। हुन त म बिहान एकथोक, दिउँसो एक थोक र राति अर्को थोक पढ्ने गर्छु र म दिनको ३ देखि ५ घण्टासम्म अटूटरूपमा पढ्ने गर्दछु।

हाल म लेभीको किताब पढ्दैछु र यो दुई तीन दिन राष्ट्रिय अभिलेखालय गएर नवौं शताब्दी ८७८ ईस्वी सन् ताडपत्रमा लेखिएको आयुर्वेदको ग्रन्थ सुश्रुत संहिता पढें। यो पनि कालक्रम समस्या समाधानकै लागि पढें। रोचक कुरा के छ भने नेपालको प्राचीन अभिलेखहरू दुई सयभन्दा पनि बढी छन्। तर तीमध्ये दुइटामा बाहेक अन्यमा वार उल्लेख भएको पाइँदैन। ती दुईमध्ये एउटा वार उल्लेखित अभिलेख अंशुवर्माकालीन सम्बत् ५३१ (ई. सं. ६०८) मा अंशुवर्माले सुनको कवच फेरेको वार, नक्षत्र आदिको वर्णन गरिएको छ भने अर्को अभिलेख लगभग ३०० वर्षपछि सम्बत् ८०१ र पसन् ८७८, अप्रिल १३ आइतवारको छ। वास्तवमा यी अभिलेखहरू केशर पुस्तकालयमा केशर शमशेर र पं. हेमराज शर्माको निजी संग्रहले गर्दा उपलब्ध हुन सकेका हुन्। मैले वास्तवमा नयराज पन्त र उहाँका शिष्य शङ्करमान राजवंशीबीच लिच्छवी सम्बत् निर्णयबारे चलेको ठूलो विवादको टुंगो लगाउने प्रयास गरिरहेको छु। नयराज पन्तले ६४० पृष्ठको लिच्छवी सम्वत्को निर्णय भन्ने पुस्तक लेखे पनि त्यसमा निर्णय भने छैन। यस्तै शङ्करमानले २१० पृष्टको लिच्छवी सम्बत्को निष्कर्ष लेखेका छन् तर विवाद टुंगेको छैन। अहिल यही विवाद टुंगो लगाउने किसिमका ग्रन्थहरू म पढिरहेको छु र करीब करीब यो विवाद टुङ्गो लाग्ने स्थितिमा आइसकेको छ।'

नयराज पन्त र उहाँका शिष्य शङ्करमान राजवंशीले गर्न नसकेको निर्णय म गर्छु भनी कमलप्रकाश मल्लले यहाँ धवकु लगाउनुभएको छ। कमलप्रकाशले उहाँको निर्णय के हो, सो कुरा पहिले प्रकाश गरी यस्तो बोलेको भए राम्रो हुन्थ्यो। आफ्नो निर्णय बाहिर नल्याई यस्तो प्रचार गर्न मात्र उहाँ लागेको देखिएकोले कमलप्रकाशको नियत राम्रो छैन भन्ने स्पष्ट छ।

कमलप्रकाश मल्लमा यस्तो विषयमा केही चाख छ। त्यो स्तुत्य छ। तर चाख हुनु र त्यस विषयमा अधिकार हुनु फरक कुरो हो, यो कुरा कमलप्रकाशले बुझ्नुपर्छ।

नयराज पन्तको लिच्छविसंवत्को निर्णयमा केही निर्णय छैन भन्ने जुन दम्भ कमलप्रकाश मल्लले प्रकट गर्नुभएको छ। त्यताबाट कमलप्रकाशले के त सम्पूर्ण त्यो पुस्तक पढ्नुभएकै छैन, पढेकै भए पनि बुझ्नुभएको छैन अथवा जतरो भए पनि संशोधन-मण्डललाई गिराउने काममा नाइके हुन उहाँ लागिपर्नुभएको छ भन्ने स्पष्ट हुन्छ।

कमलप्रकाश मल्ल आफ्नो पेटपालोको विषय अङ्ग्रेजीमा केही गर्न नसकेपछि इतिहास, संस्कृति, पुरातत्त्वमा लाग्न खोज्नुभएको हो। यो कुरा उहाँको माथि छापिएको वक्तव्यबाट पनि थाहा हुन्छ। तर ती विषयमा उहाँको अधिकार नहुनाले उहाँबाट कति भूल भए भन्ने कुरा विद्वज्जनलाई थाहै छ। लुम्बिनीमा रहेको अशोकस्तम्भलाई फलामे खामो भनेर लेख्ने, दण्डीको काव्यादर्शलाई नाटक भनेर लेख्ने योग्यता भएका कमलप्रकाशको[1] यस्तो

---

१. कमलप्रकाश मल्लमा प्राचीन विद्यामा अधिकार नहुनाले उहाँका लेखमा निकै त्रुटि पाइन्छन्। उहाँबाट भएका सबै त्रुटिका विषमा लेख्न यस सानो निबन्धमा सम्भव नहुने हुनाले उहाँले के कस्ता त्रुटि गर्नुभएको रहेछ भनी बुझ्न खोज्नेहरूको सुविधाको लागि छापिएका केही लेखको सूची तल दिइन्छ–

(क) वि. सं. २०३१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित पूर्णिमा ३२ अङ्कका २५०–२६५ पृष्ठमा छापिएको महेशराज पन्तको नेपाल् इन् परस्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी अशुद्धि

(ख) वि. सं. २०४० मा प्रकाशित पूर्णिमा ५८ अङ्कका १–२९ पृष्ठमा छापिएको महेशराज पन्तको के श्री ५ पृथ्वीनारायण शाहको उपदेश संशोधन-मण्डलको विद्वत्ताको अनुपयुक्त नमूना हो त ?

(ग) वि. सं. २०४० मा काठमाडौँबाट महेशराज पन्तद्वारा प्रकाशित महेशराज पन्तको इनेप्ट् स्पेसिमेन् ? (अनुपयुक्त नमूना ?)

(घ) वि. सं. २०४१ मा प्रकाशित पूर्णिमा ६२ अङ्कका ११–२३ पृष्ठमा छापिएको पूर्णिमाका सम्पादकको वाङ्मुख

(ङ) वि. सं. २०४१ मा प्रकाशित पूर्णिमा ६४ अङ्कका ३९–४७ पृष्ठमा छापिएको महेशराज पन्तको नेपाल् इन् परस्पेक्टिभ्को गर्भमा रहेको संस्करणको विषयमा

(च) वि. सं. २०४२ मा काठमाडौँबाट रूपायनप्रकाशनद्वारा प्रकाशित रूपरेखा ९२ पूर्णाङ्कका ९–२२ पृष्ठमा छापिएको ज्ञानमणि नेपालको इतिहास लेख्ने प्रमाणले कि आफ्ना अनुकूल कल्पनाले

(छ) वि. सं. २०४४ मा काठमाडौँबाट महेशराज पन्तद्वारा प्रकाशित ज्ञानमणि नेपालको पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा

(ज) सोही पुस्तकमा छापिएको महेशराज पन्तको किन म यस पुस्तकको प्रकाशक बनेँ ?

(झ) वि. सं. २०४४ मा प्रकाशित पूर्णिमा ७२ अङ्कका १–६५ पृष्ठमा प्रकाशित महेशराज पन्तको द गोपालराजवंशावली सरसरी हेर्दा

(ञ) वि. सं. २०४५ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञा ६५ पूर्णाङ्कका ८०–१०१ पृष्ठमा छापिएको ज्ञानमणि नेपालको कोशार्थ निरूपण

(ट) वि. सं. २०५० मा काठमाडौँबाट पण्डित पशिलकेशन्जद्वारा प्रकाशित आदर्श १ अङ्कका १७–७६ पृष्ठमा छापिएको महेशराज पन्तको अन् रीडिङ्ग दि गोपालराजवंशावली (दि गोपालराजवंशावली हेर्दा)

वक्तव्यबाट सत्यमोहन जोशी[२] आदि मूर्खमण्डलीको माझमा बसी विद्वच्छिरोमणि भइरहन त उहाँलाई मदत होला, तर विद्वज्जनग्राह्य भने यो हुन सक्दैन भन्ने स्पष्ट छ ।

कमलप्रकाश वा अरू जो कोहीबाट पनि लिच्छविकालमा चलेका संवत्को बारेमा राम्रो निर्णय आयो भने संशोधन–मण्डल त्यो स्वीकार गर्छ भन्ने कुरा विद्वद्वृन्दमा म निवेदन गर्दछु । अहिलेसम्म कुनै ठोस काम गर्न नसक्नुभएका कमलप्रकाश मल्लले यस्तो निर्णय गर्न सक्नुभयो भने उहाँको लागि पनि यो गौरवको विषय हुनेछ । तर थोरै पढी धेरै प्रचार गर्न लाग्नुभएका कमलप्रकाश मल्लको तत्त्वनिर्णय गर्नुभन्दा जसरी भए पनि संशोधन–मण्डललाई गिराई मूर्खमण्डलीको माझमा बसी विद्वच्छिरोमणि बनिरहने चाहना नै बढी देखिएकोले उहाँबाट यस्तो काम हुन भने गाह्रै छ ।

(वि. सं. २०५४ ज्येष्ठ ४ गतेको आजको समाचारपत्रको ५ पृष्ठमा छापिएको लिच्छविकालमा चलेका संवत्बारे फैलाइएको भ्रम भन्ने मेरो लेखलाई काटकुट, थपथाप गरी यो लेख तयार पारिएको हो ।)

---

२. वि. सं. २०५३ चैत्र ७ गते नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको आयोजनामा भएको गोष्ठीमा तुलसीराम वैद्यको नेपालमा इतिहास–लेखनकार्यमा देखापरेका समस्या र समाधान भन्ने लेखको टिप्पणीकर्ताको रूपमा टिप्पणी गर्दा कमलप्रकाश मल्ल कहिले के बोल्नुहुन्छ, कहिले के बोल्नुहुन्छ, उहाँको बोलीमा ठेगान छैन भनी उदाहरणसहित मैले भनेको थिएँ । त्यही टिप्पणीमा संशोधन–मण्डलको कुरा आउँदा त्यहाँ उपस्थित सत्यमोहन जोशीले अनधिकार हस्तक्षेप गर्नुभएको थियो । त्यस गोष्ठीका विभिन्न सत्रमा अर्थनवर्थका कुरा बोलिरहने सत्यमोहनले गोष्ठीमा उपस्थित अरूहरूको झपट खानुपरेको थियो । त्यस वेला सत्यमोहनको अनुहार कालोनीलो भएको थियो, सोही कालो कमलप्रकाशको वक्तव्यको रूपमा त छापिएको होइन भनेर मलाई शङ्का लागेको छ । सत्यमोहन जोशीले पनि लिच्छविकालमा चलेका संवत्को विषयमा भ्रम फैलाउँदै आउनुभएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

वि. सं. २०५३ कार्तिक १८ गतेको विश्वभूमिको २ पृष्ठमा छापिएको नेवाःतय् दक्कलय् सक्कलय् तःजिगु नखः म्हपुजा (नेवारहरूको सबभन्दा ठूलो चाड म्हपूजा), वि. सं. २०५३ कार्तिक २४ गतेको गोरखापत्रको शनिवारीय पारिशिष्टको ग पृष्ठमा छापिएको म्हपूजा र नेपाल संवत्को नयाँ वर्ष, वि. सं. २०५३ कार्तिक २७ गतेको आजको समाचारपत्रको ४ पृष्ठमा छापिएको नेपाल सम्वत्का राष्ट्रिय अवधारणा र न्हूदँया भिन्तुनानामक सत्यमोहन जोशीका ३ लेखमा गोकर्ण बालुवाको अभिलेखको आधारमा राजा मानदेवको पालामा चलेको संवत् शकसंवत् नभई त्यसभन्दा २ वर्षअघिदेखि चलेको संवत् हो भनी निर्णय भएको छ भनेर लेखिएको छ । विश्वभूमिमा छापिएको लेखको पुनर्मुद्रण वि. सं. २०५३ कार्तिक २७ गते प्रकाशित चन्द्रागिरि १ अङ्कका ८–१० पृष्ठमा र गोरखापत्रमा छापिएको लेखको पुनर्मुद्रण वि. सं. २०५३ पौषपूर्णिमामा प्रकाशित धर्मकीर्ति १४ वर्ष ९ अङ्कका ८–१० पृष्ठमा भएको छ । वि. सं. २०५३ कार्तिक ३० गतेको गोरखापत्रको ६ पृष्ठमा छापिएको प्रतिक्रिया, वि. सं. २०५३ कार्तिक ३० गतेको आजको समाचारपत्रको ९ पृष्ठमा छापिएको सत्यमोहन जोशीको लेख पढ्दा, वि. सं. २०५३ मार्ग २७ गतेको देशय्मरु झ्याःको ३ पृष्ठमा छापिएको सत्यमोहनया असत्य खँ (सत्यमोहनका असत्य कुरा) र वि. सं. २०५३ पौष २५ गतेको देशय्मरु झ्याःको ३ पृष्ठमा छापिएको आश्चर्यगु खँया धायेगु खँ (आश्चर्यजनक कुराको तथ्य) नामक ४ वटा पत्रमा सत्यमोहन जोशीले लेखेको कुराको खण्डन मैले गरेको छु ।

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | | | |
|---|---|---|---|
| १. पूर्णिमा ५ देखि ९२ अङ्कसम्म | १४२६।– | ८. बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर | २।– |
| २. अभिलेख–संग्रह १ देखि १२ भागसम्म | ७।५० | ९. रत्नदीप | २।५० |
| ३. इतिहास–संशोधन | १७५।– | १०. वृत्तशतक | ३।– |
| ४. सावधान–पत्र | ६०।– | ११. नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य | ३।– |
| ५. विद्या–रक्षा | ७५।– | १२. श्री ३ महाराज पद्मशमशेरका कुरा | १२।– |
| ६. व्याकरण–संशोधन | १५।– | १३. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या | १०।– |
| ७. पञ्चाङ्ग–संशोधन | ३०।– | १४. अभिनन्दनग्रन्थ | ५।– |

## नेपाल राजकीय–प्रज्ञाप्रतिष्ठानतर्फबाट

| | |
|---|---|
| १. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | १६।५० |
| २. प्राचीन र नवीन गणितको तुलना | १५।– |
| ३. त्रिकोणमिति (ज्योत्पत्ति) | २५।२५ |
| ४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या | २५।४० |
| ५. लिच्छविसंवत्‌को निर्णय | १००।– |
| ६. हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना | २९।– |
| ७. रत्नदीप (पहिलो भाग) | १०५।– |
| ८. विश्रान्ति | ८२।– |

## नेपाल–सांस्कृतिक–परिषद्‌तर्फबाट

| | | | |
|---|---|---|---|
| १. जयरत्नाकरनाटक | ८।– | ३. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०।– | ४. ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बा–प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा पर्याँकिएका कसिङ्गर | ६।२५ |
| २. इतिहास–संशोधनको प्रमाणप्रमेय | १८।– |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड) | ४१।– |

## त्रिभुवनविश्वविद्यालय पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रिभुवनविश्वविद्यालय संस्कृतअध्ययनसंस्थानको आयोजनामा तयार भएको) | १०२।५० |

## अरू प्रकाशनतर्फबाट

| | | | |
|---|---|---|---|
| १. लिच्छविकालमा चलेका संवत् | १२।– | ५. ह्वट् डिड् अंशुवर्मन् राइट् ? | ४०।– |
| २. गोरखाको इतिहास (१–४ भाग) | ५००।– | ६. पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा | ८०।– |
| ३. अन् स्यान्स्क्रिट् एड्युकेशन् | ३५।– | | |
| ४. इनेप्ट् स्पेसिमिन् ? | २०।– | ७. आदर्श | २००।– |

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४६

कार्यालय
संशोधन–मण्डल
एकान्तकुना, जावलाखेल
ललितपुर
नेपाल
फोन नं. ५–२४८१९, ५–३२७४९
पो. ब. नं. ४१६६, काठमाडौं ।

# वि. सं. २०५४ चैत्र

यस अङ्कको मूल्य रु. ५५।–

मुद्रक
लुम्ष प्रेस
नयाँ बानेश्वर
ख – १ – ३७३ काठमाडौं – १
नेपाल
फोन नं. ४–७२५९६